# ०७५।६।२५ गते कार्यपालीकाको बैठकको निर्णय

निर्णय नं. १ : ईट्टा उद्योग संचालन अनुमतीका लागि आवेदन दिने श्री गणेश ईट्टा उद्योग लमही नगरपालीका वार्ड नं. २ श्रीगाउँ र निवेदक श्री ओम नमोशिवाय ईट्टा उद्योग, लमही नगरपालीका वार्ड नं ८, रामनगर, जहरे, दाङ लाई प्रस्तुत उद्योग संचालनका लागि सिफारिस दिने सम्वन्धमा सम्वन्धीत सरोकारवालाहरुलाई दावी विरोध गर्न आउने बारेको सुचना प्रदेश टुडे दैनिकमा मिति २०७५ असोज ८ गते १५ दिने सूचना प्रकाशित गरिएकोमा, दिईएको सूचनाको म्याद भित्र कसैको पनि दावी विरोध दर्ता हुन नआएकोले उल्लेखित दुवै उद्योगहरुलाई तत् तत् स्थानमा उद्योग स्थापना गरि संचालन अनुमति दिनका लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं २ : लमही नगरपालीका, पशु सेवा बार्षिक कार्यक्रम संचालन कार्यविधी, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ३ : लमही नगरपालीका, कृषि विकास शाखाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार हिउंदे बालीको मसुरो, आलु तथा गहुँको विउ लमही नगरपालीका क्षेत्रका कृषकहरुलाई अनुदानमा वितरण गर्ने सन्दर्भमा सम्वन्धीत वडा कार्यालयहरुको सिफारिसको आधारमा वितरण व्यवस्थापन लमही नगरकार्यपालीकाको कार्यालय, कृषि विकास शाखाले गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : सवै वडाध्यक्षहरुलाई मासिक ईन्धनको रुपमा रु ४,०००। खर्च गर्न स्विकृती दिने गरी समरुप मापदण्ड निर्धारण गर्ने निर्णय गरियो ।

निर्णय नं ५ : लमही नगरपालीका विपद व्यवस्थापन कोषबाट देहाय बमोजिम रकम भुक्तानी दिने निर्णय गरियो

- लमही नगरपालीका वार्ड नं ८ धनपुरुवामा सडक पटान गरेवाफत रु २०,०००। र गोभ्नेना गाउँदेखि पूर्व जम्मा भएको पानी निकास गरे वाफत रु १०,०००। सम्वन्धीत वडा कार्यालयको कार्य सम्पन्न सिफारिसको आधारमा उपलव्ध गराउने निर्णय गरियो